## श्री १००८ ब्रह्मवित् परमहंस योगी सच्चिदानन्द सरस्वती (खप्तडस्वामी) का
## अमृत वचन
## विचार-विज्ञान र धर्म-विज्ञानबाट

– ठूलो हर्षको कुरा के छ नभे हाम्रा ऋषि-मुनिहरुको विद्याको अनुसरण पश्चिमी मानिसहरुद्वारा बडा तीव्रताका साथ भइरहेछ । अतः हामीहरुले पनि घोर निद्राबाट बिउँझेर आफ्ना पूर्वजहरुद्वारा सम्पादित विद्यालाई पुनः विकसित गर्नुपर्दछ, जसबाट हाम्रो सर्वाङ्गीण उन्नति हुन सकोस् ।

– विचार सब शास्त्रहरुभन्दा ठूलो छ । जसलाई परमात्माले मानिसका हातमा दिइराखेको छ ।

– विचारहरु फ्याँक्नाले जति आघात पुग्दछ, ढुङ्गा आदि फ्याँक्दा उत्ति आघात पुग्दैन । त्यसैले कसैलाई विचारद्वारा आघात पु¥याउनु नीच कर्म हो ।

– प्रिय मित्रहरु ! अब तिमीहरु आफ्नो मनबाट असन्तोष र निराशाका भावनाहरुलाई निकालिदेऊ र मुख-मण्डलमा मृदु-हास्यका भावहरुलाई धारण गर, सदा प्रसन्नचित रहने गर । प्रेम र सहानुभूतिका भाव मनमा धारण गर । सदैव सोझो हिँड्ने र सोझो बस्ने अध्यास गर जसले तिम्रो छाती बाहिरतिर निक्लिरहोस् र फोक्सोले पूर्णतया वायु लिन सकोस् । अनि त तिमीलाई होच्याउन सक्ने संसारमा कोही हुने छैन । यस कुरालाई दृढतासाथ धारण गर ।

– संसारमा एकाग्रता र शान्तिले गर्दा सफल हुन नसक्ने कुनै कामै छैन, आत्मिक-शक्तिलाई सावधानी र बुद्धिमानीले उपयोगमा ल्याउँदा प्राप्त हुन नसक्ने कुनै पदार्थ नै छैन । यसैले सदैव आफ्नो मनमा उत्तम विचार ग¥यौ भने ती विचार शीघ्र नै तिम्रो बाह्य जीवनमा उत्तम अवस्थाहरुका रुपमा प्रकट हुनेछन् ।

– सदैव शुद्ध विचार गर्नाले नै आत्म-शक्ति र सर्वज्ञता प्रकट हुन्छ भन्ने कुरा निश्चय गर । तिमीले अल्पज्ञ हुनाले प्रायः मलिन र अशुद्ध विचार नै ग¥यौं, यसैले अब शुद्ध, उत्तम विचार गर्ने नै अभ्यास गर ।

– ईश्वर त परम दयालु छ, सबको इच्छा पूर्ण गर्नेवाला छ, जो जस्तो इच्छा गर्दछ र जसका मनमा जस्ता विचार उत्पन्न हुन्छन्, तदनुसार ईश्वर उसलाई फल दिन्छ । जो जस्तो विचार गर्दछ, त्यो उस्तै बन्दछ ।

– शरीरको नाश हुँदैमा विचारहरुको नाश हुँदैन ।

– भगवान कृष्णले गीतामा भन्नुभएको छ- पाप काठ समान हो र ज्ञान अग्नि समान हो । काठ धेरै छ र अग्नि थोरै भए पनि सबै काठहरुलाई भष्म गरिदिन्छ ।

– एकान्तमा बसेर १० मिनेटसम्म आँखा चिम्लेर मस्तिष्कमा पीतवर्णको ज्योतिको ध्यान गर, यसबाट तिम्रो मस्तिष्कमा ओजसको वृद्धि भई मस्तिष्क बलवान हुनेछ ।

मुल पाता

— अंग्रेजी अनुवादले हाम्रो भाषाका शब्दहरुका भावलाई पूर्णरुपले अभिव्यक्त गर्न सक्तैन र कहिलेकाहीँ त यसले एकदमै भिन्न प्रकारको भाव पनि अभिव्यक्त गरिदिन्छ, जो अनर्थको कारण बन्न सक्तछ । धर्म-निरपेक्ष यस्तै एक शब्द हो । यसको वास्तविक अर्थ हो–' सबै धर्महरुलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवम् अगाध-श्रद्धा' तथा भ्रामक अर्थ छ–' कुनै पनि धर्मलाई नमान्नु' । दुर्भाग्यवश आजका युवापिंढी ज्यादाजसो यसै भ्रामक अर्थको अनुयायी बन्दै गइरहेका छन् जसको फलस्वरुप अनुशासनहीनता र अनैतिकतापूर्ण वातावरणको सृजना हुँदै गइरहेको छ ।

— बितेका केही वर्षको तथ्याङ्कबाट स्पष्टसँग यही परिणाम देखिन्छ– अनेकौं प्रकारका वादहरुका चक्करमा फसेर हामीले (संसारले) केही पनि ठोस उपलब्धि हासिल गर्न सकेनौं, तर धेरै कुराहरु भने निश्चय नै गुमायौं । अघिअघि कुनै पनि काम गर्दा मानिसको हृदयमा यो भावना उब्जन्थ्यो– ' आहो ! यो त पाप हो ।' तर आज यो भावना सर्वथा लुप्त हुँदै गइरहेको छ । धर्म अधर्मलाई त देखावटीपना बनाइदिए, डोंग बनाइदिए, अब मनुष्यलाई खराबीबाट जोगाउने को ? कानून ? त्यही लचकदार कानून, जो वकील महानुभावहरुको वाक्पटुतामा फसेर केही समयसम्म छटपटाएर शान्त हुन्छ ? के कानून भन्ने कुरा हरबखत अपराधी सँगसँगै हिड्दछ ? आज प्रायः जहाँतहीं बजारमा मिसावटयुक्त खाद्य सामग्रीहरुको बिक्री भइरहेको छ । प्रत्येक वस्तु, खाद्य सामग्री मात्र हैन औषधिहरुसम्म पनि मिसावटयुक्त नै पाइन्छन् । किन यस कानूनले ती नरपिशाचहरुको हात समातेर भन्न सक्तैन–' खबरदार ! तिम्रो यो अशुद्ध र सत्वहीन वस्तुहरु खुवाई-खुवाई हाम्रा नागिरकहरुको आयु र स्वास्थ्य बरवाद पारिरहेका छौं । तर केवल कानूनमात्रमा यो शक्ति छैन । आजको यस कानूनको त विचित्र चाला छ जो सोझो-सोझा र निमुखा मानिस त्यसको हातमा पर्दछ ऊ त अकालैमा मर्दछ, तर जो चलाक हुन्छ, समर्थ र सम्पन्न हुन्छ तथा कानूनरुपी अस्त्रलाई चाँदीको झन् चम्किलो अस्त्रले परास्त गर्ने क्षमता राख्दछ, उसलाई कानूनसँग केको डर र केको त्रास ?'

यी दुष्प्रवृत्तिहरुलाई रोक्न सक्ने शक्ति धर्ममा नै थियो, जसमा आज हामी निरपेक्ष हुँदै गइरहेका छौं । त्यस धर्ममा नै एकान्त तथा शून्यमा सबैको आँखा छलेर कुभलो गर्न खोज्ने मानिसको हात समातेर यो भन्न सक्ने शक्ति थियो– ' ए मूर्ख ! किन यसरी लुकेर पापी प्रवृत्तिमा लाग्दै छस् ? यो कुरा नबिर्सौं कि धर्मराजको दरबारमा एक दिन तैंले यस कुराको उत्तर दिनु पर्नेछ । यो नसोच् कि तँलाई कसैले देखेको छैन ।'

— सर्वप्रथम हृदयलाई पवित्र पार । हृदयको पवित्रता के कुरा हो ? नम्रता (विनय), प्रेम, विश्वास, प्रार्थना, सहनशीलता, आत्मसमर्पण । यी कुराहरुलाई प्रथम नियमरुप स्वीकार गर्नाले, चाहे अन्धविश्वासपूर्वक नै किन नहोस्, हृदय शुद्ध हुन थाल्छ । यसपछि त्यो सत्ता स्वयं नै आफ्नो प्रभाव एवम् आफूप्रतिको विश्वास बढाउन थाल्दछ–

— विज्ञानले यस विश्वको अद्‌भुत रचनाक्रमको विवेचना गरेर वास्तवमा धर्मको ठूलो सेवा गऱ्यो । विज्ञानले यो कुरा सिद्ध गरेको छ- विश्व परमाणुहरुद्वारा बनेको छ, प्रत्येक परमाणु (Atom) धनात्मक (Positive) र ऋणात्मक (Negative) विद्युच्छशक्तिको मिश्रण हो र यो एक-एक सौर मण्डलको समान छ, जसमा अतिसूक्ष्म विद्युत्परमाणु (Electrons) आफ्ना अत्यन्त सूक्ष्म अन्तरङ्ग परमाणुहरु (Protons)– को चारैतिर अति वेगले घुमिरहेको छ । यसप्रकार यो जड संसार गतिमय छ र यो गति विद्युद्धिकिरण (Radiation) हो । बस, विज्ञानको विश्लेषण यहींसम्म पुगेर रोकिन्छ तथा विज्ञान यो बताउन असमर्थ छ- यो विद्युद्धिकिरण के हो ? गतिको यो गतिशीलता कहाँबाट आयो ? र संसारको जुन नियमबद्धता देखिन्छ त्यो कहाँबाट आयो ? यो विश्वका सबै अंशहरुको आश्रय कसरी सिद्ध भयो ? सर्वत्र सौन्दर्यको यो आश्यर्चजनक परिवर्तन कसरी

भइरहेको छ ? तथा, यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुरा, यो जीवन कसरी सुघटित भएको छ ? विज्ञान यी प्रश्नहरुको साम् मौन छ । यो विश्वको रहस्य त्यति नै आश्चर्यजनक छ, जति यसको सौन्दर्य छ । जीवनभन्दा पनि ज्यादा रहस्यमय एवम् आश्चर्यमय मन छ । यदि यस जड विश्वभित्र मन नभएको भए यसले आफूलाई कसरी व्यक्त गर्ने थियो ?

— हिन्दूसँग जुन अर्थशास्त्र, चिकित्साशास्त्र, नीतिशास्त्र, कामशास्त्र छन्– तिनलाई अहिले पनि विश्व सम्मान गर्दछ र तिनलाई मूलाधार मानेर नचले आजका महान् विद्वानहरुको विद्या पनि अपूर्ण रहन्छ । चाणक्य, सुश्रुत, चरक, वात्स्यायन आदिलाई वन्दना नै गर्दछन् आजका विद्वान पनि । र, यो सम्पूर्ण स्वच्छन्द छ । अन्तर यही छ– जहाँ यिनीहरुको व्यावहारिक कुरा आउँछ, हिन्दू-धर्म यसलाई धर्मको अनुवर्ती मान्दछ, जहाँ धर्मशास्त्रको अनुकूल यिनीहरुको विधि बन्दैन त्यहाँ यिनीहरुको विधि त्याज्य हुन्छ ।

— सत्यवादी– संसारको सारा व्यवहार सत्यमा आधृत छ । झूटो बोल्नेहरु पनि सत्यको महिमा स्वीकार गर्दछन् । सत्य भगवान्को स्वरुप हो । यस सत्यलाई स्वीकार गरी सत्यभाषण-परायण पुरुषहरु संसारका मानिसहरुको सामुन्ने एउटा महान् आदर्श मात्र राख्दैनन्, जीवनलाई झन् बढी सरल, शुद्ध र शक्तिशाली बनाउनमा सहायता गर्दछन् । झूटो भ्रमवश जतिसुकै फलिफाप भएको देखिए तापनि अन्तमा विजय सत्यको नै हुन्छ । सत्य र सत्यवादीहरुद्वारा उब्जाएका विश्वासहरुमा नै जगत्को व्यवहार अडेको छ । जबसम्म संसारमा सत्यवादी मानिसहरुको अस्तित्व कायम रहिरहला चाहे उनीहरु थोरै होऊन्, तबसम्म जगत्को स्थिति रहिरहने नै छ ।

— महात्मा गान्धीले पनि भनेका छन्– ' म सत्यरुपी परमेश्वरको पुजारी हुँ ।' त्यो एउटै सत्य हो, अरु सब मिथ्या हो । यो सत्य मलाई पनि मिलेको छैन । तर म उसको शोधक हुँ । यस खोजीका लागि म आफ्नो प्यारोभन्दा पनि प्यारो चीज त्याग्न तयार छु र मलाई विश्वार छ– यस शोधरुपी यज्ञमा आफ्नो यस शरीरलाई होम्ने मेरो तयारी र शक्ति छ ।

— चोरबजारी– सरकारी अधिकारीहरुको सबभन्दा बढी काम पर्छ व्यापारीहरुसँग । व्यापारीहरु उनीहरुलाई ' ख्वाइ' रहन्छन् भने त्यसभन्दा बढी आफ्नो ' खाना' को व्यवस्था पनि मिलाउँछन् । बजारमा चीजबीचजको अभाव आशीर्वाद हुन्छ उनीहरुका लागि । जनताको पीर उनीहरुका लागि वरदान बन्छ र खुशियालीको मौका हुन्छ । अभाव हुन्छ, माग बढ्छ र मनपरी मोल तिरेर आवश्यकतापीडित जनता किन्न बाध्य हुन्छ । मानसिहरु भोकले छटपटाउँछन् र अन्न गुप्त गोदाममा सड्छ । जाडोमा मानिसहरु कठांग्रिन्छन् र कपडाका गाँठहरु चर्को भाउको प्रतिक्षा गरिरहन्छन् । सबै थोकको यस्तै दशा छ । कसैसँग अदब राखी केही भन्न साहस गरेमा पनि जवाफ पाइन्छ, ' सबै यस्तै गर्छन् । म मात्र एक्लै कहाँ हुँ र ? के गरुँ ?'

— ' आफ्नो सन्दुक भरियोस् । आफ्नो बैंकको खाता बढ्दै रहोस् ।' र त्यो बढ्दछ, मानिसहरुले खप्नुपर्ने अभाव, मानिसहरुको क्रन्दन र दुःखीहरुको पीरबाट । ' तब फेरि मानवताको चर्चा र मृत्युपछिको कुरा' विचार गर्न नोटको संसारमा मग्न मानिसहरुलाई फुरसत कहाँ ? उसको यो मोह-निद्रा उसलाई पतनको खाल्डोमा खसालेर नै सन्तुष्ट हुने हो कि ? अरुले गर्न नै के सक्तछ र ?

— झूटो गवाही (साक्षी)– धर्मको साक्षी, ईश्वरको साक्षी, तथा गीता, तुलसी, तामा र गङ्गाको किरिया धर्म भकाउनु न्यायालयको कर्तव्य, ऊ भकाउँछ, भकाइरहोस् । तर धर्म भाक्ने साक्षी त आफ्नो मनमनै सबै कसम खाइसक्छ– ' अदालतमा साँचो काम लाग्दैन' र के बक्नुपर्छ सिकाउनुका लागि नै रहेको वकिलको जमातले सुगासरह रटाएको साक्षी उसले दिनुपर्छ । सत्य बिदा भइसकेको छ आज न्यायालयबाट । साक्षीहरुको यो असत्य ! अदालतको फैसलाको पनि के

दोष ? तर यस्तो झूटो साक्षी पाप हो भनी आजका मानिसले सोच्न सके पो त ? अरे, सोझा मानिस हो ! तिमीले कहिल्यै विचार गरेका छौं– पापको आखिरीमा फल के हुन्छ ? कान थापेर सुन !

मुल पाता

– मेरो यो विश्वास छ - जसरी भगवान् बुद्धि एवं वाणीभन्दा पर रहेर पनि विशुद्ध बुद्धि एवं वाणीमा आउन सक्तछन्, त्यसै गरी उनी चक्षु, श्रवण तथा स्पर्शको क्षेत्रमा पनि आउन सक्तछन् । उनी सबैमा सबै थोक हुन्, त्यसैले हामी न केवल उनको चिन्तन र कथन मात्र गर्न सक्तछौं, अपितु उनलाई देख्न पनि सक्तछौं र उनको वाणी वाणीलाई सर्वोत्तम मान्नु मनुष्यको मिथ्याभिमान हो ।

– जुन धर्म तथा ईश्वरलाई हामीले आफ्नो समाजरुपी शरीरको मेरुदण्ड सम्झेका थियौं, आज त्यसै धर्मको आवश्यकता एवम् ईश्वरको अस्तित्वलाई आफ्नो शिक्षित समुदायसामु स्वीकार गर्नमा हाम्रा शिक्षित युववर्गलार्य सङ्कोच एवं लाजको अनुभव हुन्छ, मानौं उनी कुनै मूर्खतापूर्ण कुसंस्कारको समर्थन गरेर आफ्नो विद्वतामाथि कलङ्क लगाइरहेका छन् अथवा कुनै जघन्य अपराध गरिरहेका छन् ।

– संसारमा जति पनि मतभेद देखिन्छन्, त्यो सबै साधनलाई लिएर भएको हो, लक्ष्यलाई लिएर होइन, लक्ष्य त सबैको एक नै छ ।

– अंग्रेजी अनुवादले हाम्रो भाषाका शब्दहरुका भावलाई पूर्ण रुपले अभिव्यक्त गर्न सक्तैन र कहिलेकाहीं त यसले एकदमै भिन्न प्रकारको भाव पनि अभिव्यक्त गरिदिन्छ, जो अनर्थको कारण बन्न सक्तछ । धर्म-निरपेक्ष यस्तै एक शब्द हो । यसको वास्तविक अर्थ हो - 'सबै धर्महरुलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवम् अगाध श्रद्धा' तथा भ्रामक अर्थक छ - 'कुनै पनि धर्मलाई नमान्नु ।'

– तर्क-वितर्क तथा शङ्का-उपशङ्काको जालबाट मुक्त भएर चाँडै नै कुनै एक साधनामा लीन भइहाल । यसैमा कल्याण छ । इति ।

– मनुष्य-जन्म पाएर मनुष्य-देह धारण गरेर जुन परम तत्व जान्न सकिन्छ, परमात्मार्ला पाउन सकिन्छ, त्यो पाउन जो चेष्टा गर्दै त्यो नितान्त हतभाग्य हो, उसले जन्म लिनु वृथा हो, उसको जीवन मिथ्या हो ।

– सर्वप्रथम हृदयलाई पवित्र गर । हृदयको पवित्रता के कुरा हो ? नम्रता (विनय), प्रेम, विश्वास, प्रार्थना, सहनशीलता, आत्मसमर्पण । यी कुराहरुलाई प्रथमनियमरुप स्वीकार गर्नाले, चाहे अन्धविश्वासपूर्वक नै किन नहोओस्, हृदय शुद्ध हुन थाल्छ । यसपछि त्यो सत्ता स्वयं नै आफ्नो प्रभाव एवम् आफूप्रतिको विश्वास बढाउन थाल्दछ -

– मेरा परिचित धेरैजसो भावक युवक भक्तजन यस्ता छन्, जो हिन्दूधर्मको मौलिक संस्कृत ग्रन्थहरुसँग अनभिज्ञ हुँदाहुँदै पनि आधुनिक भौतिक एवं व्यावहारिक विद्याहरुमा उच्च शिक्षा प्राप्त गरेका छन्, र संस्कृतका मौलिक धार्मिक साहित्यहरुको अध्ययन-अध्यापनको व्यवस्था स्कूल-कलेजहरुमा नभएको हुनाले गर्न पाएनन् । अब उनीहरु व्यवहार तथा गृहस्थी जीवनको जिम्मेवारीमा व्यस्त भएको हुँदा मौलिक ग्रन्थहरुको अध्ययन गर्ने समय निकाल्न असमर्थ छन् । यति हुँदाहुँदै पनि धर्मको स्वरुप तथा आध्यामिक साधनाको लागि हृदयदेखि लालायित रहन्छन्, त्यस्तै जिज्ञासु पाठकहरुको लागि नै यो धर्मविज्ञाननामक ग्रन्थको सङ्कलन गरिएको छ ।

- हाम्रो कर्तव्य त यति मात्र हो - आफ्नो शरीर, मन तथा इन्द्रियहरुलाई शुद्ध पारौं किनभने यी भगवान्का द्वार एवं प्राङ्गण हुन् । अनि हृदयको गर्भस्थित मन्दिरमा भगवान् प्रकट हुनु उनको आफ्नै इच्छामा निर्भर छ -

तिमी स्वयं शान्तिको भण्डार हौ, तिमी पूर्ण हौ, तिमी अखण्ड

तिमी आनन्दस्वरुप हौ, तिमी सत् हौ, तिमी चेतन हौ ।

हौ, तिमी अनन्त हौ, तिमी कूटस्थ हौ, तिमी ध्रुव हौ र तिमी सनातन हौ ।

मुल पाता

- यस सङ्कलनमा यथासम्भव धर्मको मौलिकताको संरक्षण गर्दै उदार नीति अपनाइएको छ । समयको माग एवम् उदारताको नाममा धर्मको मौलिकताको परित्याग मेरो विचारमा वाञ्चनीय हुँदैन । बीचको बाटो नै ठीक हुन्छ । यति सङ्कीर्ण नवन कि अरु मानिस तिम्रो नजीक नै नआउन् र यति उदार पनि नवन कि अरुले तिम्रो अत्यधिक उदारताको अनुचित लाभ उठाएर तिमै लागि अनेक समस्या उत्पन्न गरिदिउन् । सबै धर्मप्रति आदर र आफ्नो धर्ममा दृढ आस्था एवं विश्वास राख्नु - यही नै मध्यम मार्ग हो ।

- यस कुरामा शङ्कामा छैन - विज्ञानले दुःख-कष्ट कम गर्ने धेरै उपायहरु बतायो, त्यसको साथसाथै शुद्ध भावले निकै हदसम्म यस दुःखको निदान गर्ने प्रयत्न गर्‍यो जसको लागि हाम्रो असीम कृतज्ञता छ; तर अपशोच ! यति गरेर पनि संसारबाट दुःख घटेन । बाह्‍य उन्नतिबाट हार्दिक उन्नति हुन सकेन । विज्ञानले सुखका अनेकौं साधनहरु बनायो जसबाट मनुष्यलाई धेरै आराम मिल्यो, बाहिरी दुःख निश्चय नै कम भयो, तर यी कुराहरुबाट हार्दिक शान्ति किन प्राप्त हुन सकेन ? सकल-सुखसाधन-सम्पन्न व्यक्तिहरु पनि दुःखी नै छन् र उनीहरु प्रश्न गर्दछन् - शान्ति कहाँ छ ?

- विचार गर - शरीर रोगी हुँदा तिमी रोगी हुँदैनौ, शरीर स्वस्थ हुँदा पनि तिमी स्वस्थ हुँदैनौ, शरीर मोटो हुँदैनौ, शरीर दुब्लो हुँद तिमी दुब्लो हुँदैन । तिमी निःसङ्ग छौ, सदा सम छौ । तिम्रो भिन्न यो द्वन्द्व छँदैछैन । पूरा द्वन्द्व प्रकृतिमा छ । परन्तु हो, जबसम्म तिमी प्रकृतिमा स्थित छौ तबसम्म प्रकृतिको सारा विकार तिमीलाई आफ्नो भिन्न भान हुन्छ, तिमी प्रकृतिको रोगले भरिएका छौ - महान् रोगी छौ । शरीर मोटो-फुर्तिलो औ पूर्ण स्वस्थ हुँदाहुँदै पनि सर्वथा अस्वस्थ छौ, तिमीलाई वास्तविक स्वस्थ्ता त स्व (आत्मा) मा स्थित हुँदा प्राप्त हुन्छ । जो आत्मामा स्थित छ, ऊ नै स्वस्थ छ, र जो प्रकृतिया स्थित छ ऊ अस्वस्थ छ ।

- संस्कृतका प्रौढ विद्वान्हरुको लागि सम्भवतः यो ग्रन्थ ज्यादा आकर्षण-विन्दु नबन्ला, किनकि उनीहरुको मौलिक ग्रन्थहरुको अध्ययन मनन गरिसकेका हुन्छन् । यस ग्रन्थको ज्यादाजसो उपयोग भौतिक तथा व्यवहारिक शिक्षा पाएका ती विद्वद्वर्गको लागि हुनेछ, जो वास्तवमा आफ्नो धर्म एवं संस्कृतिबारे आधुनिक भाषामै जानकारी चाहन्छन् । यस प्रकारका पाठकहरुको ऋषि-मुनिहरु तथा शास्त्र-वचनहरुमाथि विश्वास हुँदैन, त्यसैले यस ग्रन्थमा यस्ता प्रमाणहरु ज्यादा नदिएर केवल पदार्थ-विज्ञान तथा मानस-विज्ञानशास्त्रद्वारा सम्मत बुद्धिगम्य युक्तिहरु तथा जनसाधारणका अनुभवहरुको आधारमा नै

धर्म एवम् ईश्वरको विषयमा विचार गरिएको छ । मेरो विनम्र प्रार्थना यही छ - भौतिकवादको पक्षपात र दुराग्रहलार्य छाडेर सार एवम् असारको विचार गरी सत्यलाई ग्रहण गरुन् । केवल वैज्ञानिक तथा युक्तिप्रधान दृष्टिकोण अंगालिएकोमा संस्कृतका आवरणीय विद्वान्हरुले क्षमा गर्नेछन् ।

- भाषाको कठोरताको ठाउँ-ठाउँमा आभास हुनु सम्भव छ । यसका मुख्यता दुई कारणहरु हुन सक्तछन् । पहिलो त मेरो आफ्नै कमजोरी र दोस्रो विवशता । मेरो गृहत्यागपछिको जीवनको तीन चौथाइ माग हिमालयका हिमाच्छादित क्षेत्रहरु तथा पवित्र नदीका तटवर्ती जङ्गल तथा एकान्त स्थानहरुमा नै बिते र बितिरहेका छन् । मेरो बोली-चाली, खान-पान आदि धेरै मात्रामा ग्रामवासी व्यक्तिहरुबाट प्रभावित भएको छ । तिनीहरु शुद्ध भाषा त बोल्न सक्तैनन्, तर तिनको हृदय अन्य सभ्य मानिसहरुको भन्दा ज्यादा शुद्ध हुन्छ । ममा पनि भाषाको त्यही कमजोरी छ, त्यसको लागि म क्षमाप्रार्थी छु । दोस्रो कारण विवशताको विषयमा यही भन्नु छ - सबै धर्महरुको उपदेश प्रायः अनुशासनपूर्वक प्रवोधनात्मक शैलीमा दिइएको छ, विशेषतः हाम्रो धर्मको त यस्तै शैली छ, जस्तै - उठ्नुहोस्, जाग्नुहोस् नभनेर उतिष्ठत, जाग्रत अर्थात् उठ, जाग भनिएको छ ।

- वर्तमान युववर्गहरुमध्ये अधिकांश युवक-युवतीहरुका आचरण एवं कर्महरु देखेर दुःखी भएका कैयौं सज्जनहरु आफ्ना शिक्षित सन्तानहरुको जीवन आलस्यपूर्ण खर्चिलो, अकर्मण्य तथा धर्मशून्य देखेर ममहित भई अनेक प्रश्नहरु गर्दछन् । आजभन्दा करीब १८ वर्षअघि हरिद्वारको कुम्भमेलामा मेरा एक निकटतम भक्त- परिवारका सदस्यहरुले आफ्ना उच्च-शिक्षारत पुत्र-पुत्रीको सम्बन्ध बडो दुःखी मनले कैयौ कुराहरु भनेका थिए । त्यसै समयदेखि मेरो मनमा प्रस्तुत सङ्कलनात्मक ग्रन्थ लेख्ने इच्छा वारंवार जाग्रत् हुन लाग्यो । मैले उक्त भक्त-परिवारका सन्तानहरुसँग प्रेमपूर्वक प्रश्न गर्दा उनीहरुले आत्मग्लानिको अनुभव गर्दै मसँग भने - 'महाराज ! तपाई नै भन्नुहोस्, हामी के गरौं ? आफ्ना माता-पिताप्रति हाम्रो यथेष्ट श्रद्धा एवं भक्ति हुँदाहुँदै पनि उहाँहरु हामीसँग असन्तुष्ट भ्है हुनुहुन्छ । हामीले आफ्नो अध्ययनको शुरुआतदेखि नै यसै शिक्षाको अध्ययन गऱ्यौं । हाम्रो मन एवं बुद्धिको स्वरुप त्यसै शिक्षाअनुरुप बन्यो । धार्मिक शिक्षाको विषयमा हामीलाई आफ्ना शिक्षालयहरुमा न केही पढाइयो, न त हामीले नै केही पढ्न सक्यौं । हाम्रा माता-पिता हामीबाट हामीले नपढेको नसिकेको ज्ञानको अपेक्षा गर्दछन्, जसले गर्दा हामी भित्र-भित्रै बडो असमञ्जसमा पर्दछौ. । हामीले अध्ययन गरेको विषयमा कसैले हामीसँग कुनै पनि प्रश्न गर्दछ भने हामी चित्तबुभ्दो गरी त्यस प्रश्नको उत्तर दिन सक्षम छौं, यस कुरामा हामीलाई पूर्ण आत्मविश्वास छ । वास्तवमा हामी धर्मको विषयमा जान्न चाहन्छौं र हामीले केही प्रयत्न पनि गऱ्यौं, तर धर्मका सबै मोलिक ग्रन्थहरु संस्कृतमा छन् जुन हामीलाई पढाइएन । तपाई हाम्रा पूज्य माता-पिताको लागि परम श्रद्धेय भएको नाताले हाम्रो लागि पनि श्रद्धेय हुनुहुन्छ । अब तपाई नै हामीलाई उचित उपदेश दिनुहोस्- हामी के गरौं ! जीवनमा आज पहिलोपल्ट हामीले आफ्नो हृदय तपाईको सम्मुख उदाङ्ग पारेका छौं ।' अस्तु, त्यसै समयदेखि मेरो मनमा एउटा यस्तो सङ्कलनको लागि प्रेरणा उत्पन्न भयो, जसले संस्कृतका अनभिज्ञ तर धर्मप्रति श्रद्धा एवं जिज्ञासा राख्ने युववर्गलाई केही प्रकाश मिल्न सकोस् ।

- म आशा गर्दछु - यस सङ्कलित ग्रन्थद्वारा आधुनिक समाजका धर्म तथा ईश्वरसित सम्बद्ध धेरैजसो सन्देशहरुको निराकरण हुनेछ र अनोश्वरवादको चोर अन्धकारतर्फ गइरहेका जनतालाई प्रकाश मिल्दछ ।
- यस पुस्तकद्वारा धर्मजिज्ञासु एवं मुमुक्षु व्यक्तिहरुलाई धर्म तथा साधनापथमा अग्रसर हुनमा सहायता मिलोस्, भगवान्सँग मेरो यही हार्दिक प्रार्थना छ । अब अन्तमा -

- 'मेरा गुरुदेव ! अब म आफ्नो अन्तिम अभिलाषाको साथै चुप लाग्न चाहन्छु । गुरुदेव ! तपाईले त सदादेखि सदासम्म चुप रहन नै मन पराउनुभयो । शब्द र सङ्केत तपाईलाई मनै पर्दैनन् । आजसम्म मैले तपाईसँग जे-जति भने, त्यो मेरो धृष्टता थियो । मैले अनेकौं पटक बितेका अनन्त जन्महरुमा

तपाईको यस अनादि, अनन्त मौन मुद्रालाई खलबल्याउने असफल चेष्टाहरु गरें, तर सबै व्यर्थ भए । अब त मेरो मन तपाईंसँग केही पनि भन्न चाहँदैन । त्यसको आवश्यकता पनि त छैन, किनकि बोल्नुको मतलब तपाईंलाइृ बिर्सनु नै त हो । हे सच्चिदानन्दमय ! तपाईंलाई बिर्सेर जीवनको आनन्द कहाँ पाइन्छ ? अनि हे देव ! तपाईंलाई नबिर्सीकन बोल्नु पनि कसरी ? देवो भूत्वा देवं यजेत् - देवपूजनको लागि पहिले आफै देव बन, तब मात्र उसको पूजा हुन सक्तछ । त्यसैले अब म पनि तपाईजस्तै चूप लागेर पूर्ण मौन भएर, आफ्नो मनलाई पनि 'भयो, चूप लाग' भनेर तपाईको यस जगदपवादाधिष्ठानरुप शुद्ध स्वरुपमा आफ्नो यस मौनावेष्टित मनलाई - तपाईदेखि मलाई अलग्याउने मनलाई - आफ्नो साथ-साथै एक बरफको टुक्रासम्म तपाईको अनन्त समुद्रमा विलीन गरिदिन्छु । यही एक अन्तिम अभिलाषाको साथै यो सम्पूर्ण क्रियाकलाप तपाई शुद्धस्वरुपलाइृ अर्पण गर्दछु । अब मेरो लेख्ने-लेखाउने, गर्ने-गराउने, हराउने-पाउने काम सदाको लागि समाप्त हुनेछ ।' साथै पाठकहरुको लागि पनि श्रुति भन्दछ -

उत्तिष्ठता, जाग्रत, प्राप्त वरान् निबोधन ।

क्षुरस्य धारा निशिता दुरत्यया दुर्ग पथस्तत् कवयो वदन्ति ॥

ॐ शान्तिः शान्तिः शान्तिः ।

मुल पाता